**आकाशवाणी समाचार- नेपाली**

मितिः ११ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेश र उत्तराखण्डको भ्रमण गर्नुहुनेछ।

सरकारले बिहारमा रेलवे लाइनको दोहरीकरण र चार लेन ग्रीनफील्ड राजमार्ग सहित सात हजार छह सय करोड़ रुपिया भन्दा अधिकको दुई परियोजनाहुलाई मंजूरी दिएको छ।

नेपालमा हिंसात्मक विरोध प्रदर्शनहरु र झड़पहरु पछि बिहारमा भारत-नेपाल सीमामा सुरक्षा व्यवस्ता कडा गरिएको छ।

पोल्याण्डले युक्रेनमा आक्रमणको क्रममा आफ्नो हवाई क्षेत्र उल्लंघन गर्ने रूसी ड्रोनहरू खसालेको दाबी लाई रुसले खण्डन गरेको छ ।

**एसिया कप २०२५ मा, दुबईमा आयोजित समूह ए को खेलमा भारतले युएईलाई ९ विकेटले पराजित गरेको छ।**

**प्रधानमंत्री-वाराणसी दौरा**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेश र उत्तराखण्डको भ्रमण गर्नुहुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले उत्तर प्रदेशको भ्रमणका क्रममा मौरिससका प्रधानमन्त्री नवीनचन्द्र रामगुलामलाई आध्यात्मिक नगरी वाराणसीमा भेटघाट गर्ने कार्यक्रम रहेको छ। प्रधान मन्त्री ९ देखि १६ सेप्टेम्बर २०२५ सम्म भारतको भ्रमणमा हुनुहुन्छ। उहाँ हिजो साँझ वाराणसी आइपुग्नुभयो जहाँ उत्तर प्रदेशका राज्यपाल आनन्दीबेन पटेलले उहालाईम गार्ड अफ अनरको साथ स्वागत गर्नुभयो। मौरिससका प्रधानमन्त्री रामगुलामको भ्रमण मार्च २०२५ मा प्रधान मन्त्री नरेन्द्र मोदीको मौरिसस भ्रमणपछि भएको हो, जब दुई नेताहरूले आपसी सम्बन्धलाई 'एन्हांस्ड स्ट्रेटेजिक पार्टनरशिप' अर्थात् 'उन्नत रणनीतिक साझेदारी' को स्तरमा बढाउने निर्णय गरेका थिए।

**दुमका-रामपुरहाट सिंगल रेलवे लाइन**

प्रधानमंत्री नरेन्द्र मोदीको अध्यक्षतामा मंत्रिमंडलको आर्थिक कार्य समितिले बिहार, झारखंड र पश्चिम बंगालमा भागलपुर-दुमका-रामपुरहाट सिंगल रेलवे लाइन खंडको एक सय 77 किलोमीटर लामो दोहरीकरणलाई मंजूरी दिएको छ। यस परियोजनामा लगभग तीन हजार एक सय 69 करोड़ रुपिया लागत आउनेछ।

सूचना एवं प्रसारण मंत्री अश्विनी वैष्णवले मंत्रिमंडलको निर्णय बारेमा भन्नु भयो यसले आवाजाहीमा सुधार हुनेछ।

**Byte**

*भागलपुर दुमका रामपुर डबलिंग यह प्रोजेक्ट बिहार झारखंड और बंगाल को जोड़ने वाला एक बहुत ही इंपॉर्टेंट प्रोजेक्ट है इस डबलिंग के बाद में भागलपुर से दुमका और उसे सीधा रामपुरहाट की तरफ गाड़ियां जा सकेगी और बहुत बड़े तीर्थ स्थल देवघर धाम को भी जोड़ता है यह और साउथ बिहार को जो बड़ी कनेक्टिविटी चाहिए होती है टुवर्ड्स कोलकाता, टुवर्ड्स साउथ वह कनेक्टिविटी इस प्रोजेक्ट से मिलती है।*

मंत्रिमंडलले बिहारको बक्सर-भागलपुर हाई-स्पीड कॉरिडोरको मोकामा मुंगेर खंडको 4 लेनको निर्माणलाई पनि मंजूरी दिएको छ। श्री वैष्णवले यसको कुल लंबाई 82 किलोमीटरदेखि अधिक र कुल लागत चार हजार चार सय 47 करोड़ रुपिया भन्दा अधिक छ।

***Byte***

*मोकामा से मुंगेर फोर लेनिंग यह बेसिकली बक्सर से भागलपुर जो कॉरिडोर है उस कॉरिडोर का सेक्शन है। इसका इन्वेस्टमेंट होगा 4 थाउजेंड 4 हन्ड्रेड 47 करोड़। बिहार में अगर आप देखते हैं, गंगा जी के साउथ में यह पूरा का पूरा कॉरिडोर है। दक्षिणी बिहार का एक महत्वपूर्ण प्रोजेक्ट है ये। आज जो अप्रूव हुआ है, यह मोकामा से मुंगेर तक का सेक्शन 82 किलोमीटर का, ओवरऑल एक घंटे का ट्रैवल टाइम बचेगा इस प्रोजेक्ट के कारण।*

श्री वैष्णवले बताउनु भयो कि यो परियोजनाहरु प्रधानमंत्री नरेंद्र मोदीको नयाँ भारत के दृष्टिकोण अनुरूप रहेको छ ।

**अमित शाह - गुजरात**

गृहमन्त्री अमित शाहले हिजो गुजरातको सानन्द विधानसभा क्षेत्रमा ६६ करोड रुपैयाँ बराबरका विकास परियोजनाहरूको भर्चुअल उद्घाटन र शिलान्यास गर्नुभयो। निर्वाचन क्षेत्रको समग्र विकासको वाचा गर्नुहुदै श्री शाहले २०२९ सम्ममा सानन्दका प्रत्येक गाउँमा पानी आपूर्ति, सडक, स्वास्थ्य सेवा, सरसफाइ र वनीकरण सहित आधारभूत सुविधाहरू उपलब्ध हुने बताउनु भयो ।गृहमन्त्रीले भन्नु भयो कि धोलेरा विशेष लगानी क्षेत्र सञ्चालनमा आएपछि र सानन्द वरपरका औद्योगिक विकास परियोजनाहरू पूरा भएपछि, सानन्द गुजरातको सबैभन्दा औद्योगिक रूपमा विकसित तहसीलको रूपमा देखा पर्नेछ।श्री शाहले जानकारी दिनुभयो कि कर्पोरेट सामाजिक उत्तरदायित्व-सीएसआर पहलहरू मार्फत सानन्द विधानसभा क्षेत्रमा लगभग एक सय पचास करोड रुपैयाँ बराबरका विकास परियोजनाहरूको योजना बनाइएको छ। उहाँले उद्योगपतिहरूसँगको हालैको छलफलको आधारमा बलियो प्रशासनिक संरचना राखिएको बताउनुभयो ।गृहमन्त्रीले गाउँ, विद्यालय र नगरपालिकाका खुला ठाउँमा सकेसम्म धेरै रूखहरू रोपेर प्रधानमन्त्री नरेन्द्र मोदी नरेंद्र मोदीको एक पेड़ माँ के नाम अभियानमा हिस्सा लिने अपील गर्नुभयो ।

**बिहारमा भारत-नेपाल सीमामा सुरक्षा व्यवस्ता कडा**

नेपालमा हिंसात्मक विरोध प्रदर्शनहरु र झड़पहरु पछि बिहारमा भारत-नेपाल सीमामा सुरक्षा व्यवस्ता कडा गरिएको छ। बिहार पुलिस र सशस्त्र सीमा बलले सीमापारि मानिसहरुको आवागमनमाथि नजर राखिरहेका छन्। मधुबनी जिल्लाका पुलिस अधीक्षक योगेंद्र कुमारले बताउनु भयो सबै सीमावर्ती चौकीहरुलाई अलर्टमा राखिएको छ ।

Byte

*नेपाल में जो अभी हालत हैं, उसके मद्देनजर मधुबनी पुलिस पूरी तरह से चौकस है, और बॉर्डर के हमारे जितने भी पुलिस स्टेशन से सभी को हम लोग में हाई अलर्ट पर रखा हुआ है। सभी हमारे एसडीपीओ, सर्किल इंस्पेक्टर और थाना प्रभारी इस समय सब लोग फील्ड में है, और मेरी कोशिश ये है कि कोई भी अवांछित तत्व ना इधर से उधर से जाए और ना उधर से इधर आए और अभी वर्तमान में मधुबनी के जो बॉर्डर के जितने भी हमारे पुलिस स्टेशन है, सब जगह स्थिति पूरी तरह सामान्य है, और लगातार हम लोग सभी जगह नजर रखे हुए हैं।*

पश्चिमी चंपारणका पुलिस अधीक्षक डॉ. शौर्य सुमनले भन्नु भयो सम्पूर्ण राज्यमा हाई अलर्ट घोषित गरिएको छ ।

Byte

*वर्तमान में जो सटे हुए क्षेत्र है नेपाल से उसमें शांति व्यवस्था कायम है साथ ही साथ है जो बिजली रिजर्व हम लोग के पास उपलब्ध है जो डीआईजी महोदय के आदेश के अनुसार मेहनत*

*तार में प्रतिनिधित्व कर दिया गया। उसके द्वारा भी विधि व्यवस्था को देखते हुए राइट कंट्रोल गियर में जितनी भी सीमावर्ती क्षेत्र हैं उसे मूवमेंट किया जा रहा है, और फिलहाल जो भी हम लोग सूचना प्राप्त हो रही है, उसी अनुसार हम लोग सुरक्षा व्यवस्था और शांति व्यवस्था बनाए रखने के लिए तत्पर हैं।*

यस बीच, नेपाली अधिकारिहरुको अनुरोधमा नेपालको जनकपुर र भारतको जयनगर बीच रेल सेवाहरु स्थगित गरिएको छ ।

**प्रधानमन्त्री कतार**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिज कतारका अमिर शेख तमिम बिन हमद अल-थानीसँग टेलिफोन वार्ता गर्नुभयो र दोहामा हालै भएका आक्रमणहरूप्रति गहिरो चिन्ता व्यक्त गर्नुभयो। सामाजिक सञ्जालमा एक पोस्टमा प्रधानमन्त्री मोदीले कतारको सार्वभौमसत्ताको उल्लंघनको भारतले निन्दा गरेको पनि बताउनु भयो। वहाँले नयाँ दिल्लीले वार्ता र कूटनीति मार्फत समस्याहरूको समाधान गर्ने र तनाव बढ्न नदिने कुरालाई समर्थन गर्ने बताउनु भयो । श्री मोदीले भन्नुभयो भारत यस क्षेत्रमा शान्ति र स्थिरताको समर्थनमा र सबै प्रकारका आतंकवादको विरुद्धमा दृढतापूर्वक उभिएको छ।

प्रधानमन्त्रीले क्षेत्रीय शान्ति र स्थिरता प्रवर्द्धनमा कतारको भूमिकाको प्रशंसा गर्नुभयो, जसमा युद्धविराम सुनिश्चित गर्ने र बन्धकहरूको रिहाइको उद्देश्यले गाजामा मध्यस्थता प्रयासहरू समावेश छन्। शेख तमिमले कतारका जनता र राज्यसँग ऐक्यबद्धताको अभिव्यक्तिको लागि प्रधानमन्त्री मोदीलाई धन्यवाद दिनुभयो। दुबै नेताहरूले भारत-कतार रणनीतिक साझेदारीमा निरन्तर प्रगतिमा सन्तुष्टि व्यक्त गर्नुभयो र पारस्परिक हितका क्षेत्रहरूमा सहयोग अगाडि बढाउन आफ्नो प्रतिबद्धता पुन: पुष्टि गर्नुभयो।

**पोल्यान्ड र नेटो**

युक्रेनमा रुसले गरेको हवाई आक्रमणका क्रममा पोल्यान्ड र नेटो सेनाले पोल्यान्डको हवाई क्षेत्रको उल्लंघन गर्दै रुसी ड्रोन खसालेका छन् । पोल्याण्डका प्रधानमन्त्री डोनाल्ड टस्कले हवाई क्षेत्रको उल्लङ्घन रुसले जानाजानी उक्साएको कारण भएको दाबी गरेका छन्। रुसले पोल्यान्डको आरोपलाई आधारहीन भन्दै अस्वीकार गरेको छ । रुसी राजदूत आन्द्रेई ओर्दासले यी ड्रोन रुसी मूलका हुन् भन्ने कुनै प्रमाण प्रस्तुत नगरिएको बताउनु भएको छ।

**चार्ली कर्क - गोली प्रहार**

रूढिवादी राजनीतिक कार्यकर्ता र टर्निङ प्वाइन्ट यु एस ए का सह-संस्थापक चार्ली कर्कको युटा भ्याली युनिभर्सिटीमा एक कार्यक्रमको क्रममा गोली लागेर मृत्यु भएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमा कर्कको मृत्युको पुष्टि गर्नुभएको छ । पुलिसले स्थानीय समय अनुसार बिहान १२:१० बजे गोलीबारी भएको बताएका छन र संदिग्धलाई हिरासतमा लिइएको छ।

राष्ट्रपति ट्रम्पका प्रभावशाली सहयोगी, कर्क देशभरका क्याम्पसहरूमा खुला-हावा बहसहरू आयोजना गर्नका लागि परिचित छन्। उहाँ एक रूढिवादी टिप्पणीकार र प्रशंसक आधार भएको पोडकास्ट होस्ट हुनुहुन्छ। उहाँलाई टर्निङ प्वाइन्ट युएसएको संस्थापकको रूपमा पनि चिनिन्छ, जुन एक गैर-लाभकारी संगठन हो जसले अमेरिकी क्याम्पसहरूमा विद्यार्थीहरूलाई रूढिवादी विचारहरू फैलाउन काम गरेका थिए ।

**एसिया कप**

एसिया कप २०२५ मा, दुबईमा आयोजित समूह ए को खेलमा भारतले युएईलाई ९ विकेटले पराजित गरेको छ । ५८ रनको सामान्य लक्ष्य पछयाउँदै, भारतले केवल ४.३ ओभरमा मात्र एक विकेट गुमाउँदै विजय हासिल गरे। अभिषेक शर्माले १६ बलमा उत्कृष्ट ३० रन बनाए भने शुभमन गिलले २० रन बनाएर महत्वपूर्ण सहयोग गरे, जसले भारतलाई अन्तिम रेखा पार गर्न सहज बनाए। यसअघि, पहिले बलिङ गर्ने निर्णय गर्दै, भारतले युएईलाई १३.१ ओभरमा ५७ रनमा आउट गर्यो। कुलदीप यादवले बलमा स्टार प्रदर्शन गरे, उनले एक ओभरमा ३ सहित ४ विकेट लिए। अलराउन्डर शिवम दुबेले पनि १० बलमा ३ विकेट लिए। फलस्वरूप, सूर्यकुमार यादवको टोलीले समूह ए मा पहिलो खेलमा ठूलो जित हासिल गर्यो। आज बंगलादेश र हङकङ बीच समूह बी मा अबुधाबीको शेख जायद रंगशालामा राति ८ बजे IST मा खेल खेलिनेछ।

**IMD मौसम**

मौसम विभाग (IMD) ले आज ओडिशाका केही ठाउँहरूमा भारीदेखि धेरै भारी वर्षाको लागि ओरंज अलेर्ट जारी गरेको छ । अण्डमान र निकोबार टापुहरू, बिहार, पूर्वी उत्तर प्रदेश, छत्तीसगढ, पूर्वी मध्य प्रदेश, झारखंड, तटीय आन्ध्र प्रदेश, पश्चिम बंगाल, सिक्किम र उत्तर-पूर्वी राज्यहरूमा पनि आगामी २-३ दिनमा हल्कादेखि मध्यम वर्षा हुने पूर्वअनुमान गरिएको छ। IMD ले आज उत्तर-पूर्वी राज्यहरू, छत्तीसगढ, मध्य प्रदेश, महाराष्ट्र, उत्तराखण्ड र आन्ध्र प्रदेशका केही भागहरूमा बिजुलीसँगै मेघगर्जनसहित वर्षा हुने पनि पूर्वानुमान गरेको छ। तटीय आन्ध्र प्रदेशमा आज तीव्र सतही हावा चल्ने सम्भावना छ।

****** ० ******